# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) हेटौंडा, नेपाल, कार्तिक ०९ गते, २०८३ साल (सङ्ख्या ११

## भाग ३

### बागमती प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

### हेटौंडा, नेपालको

## सूचना

### <u>बहुवर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी मापदण्ड, २०८३</u>

**<u>प्रस्तावना:</u>** बागमती प्रदेश सरकारका मन्त्रालय वा निकाय मातहतबाट सञ्चालित विभिन्न बहुवर्षीय आयोजनाको समुचित व्यवस्थापन गर्न र स्रोतको व्यवस्थापनलाई व्यवहारिक बनाउन आवश्यक भएकोले,

प्रदेश विनियोजन ऐन, २०८३ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो मापदण्ड बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "बहुवर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी मापदण्ड, २०८३" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "आयोग" भन्नाले प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेशलाई सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले निश्चित उद्देश्य, लक्ष्य र परिणामका लागि कार्यान्वयन गरिने समयसीमा र अनुमानित लागत खुलाइएको, पूर्वतयारी सम्पन्न भएका, कार्यसम्पन्न भएपछि सार्वजनिक सम्पत्तिमा वृद्धि वा रूपान्तरण हुने पूर्वाधार, आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय वा अन्य विकाससँग सम्बन्धित कार्य वा क्रियाकलापको समूहलाई सम्झनु पर्छ।

(ग) "आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली" भन्नाले आयोजना बैङ्क व्यवस्थापनको लागि आयोगले स्थापना तथा सञ्चालन गरेको प्रदेश

आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीलाई सम्झनु पर्छ।

(घ) "प्रदेश गौरवको आयोजना" भन्नाले प्रदेश सरकारले प्रदेश गौरवको आयोजनाको रूपमा तोकेको आयोजना सम्झनु पर्छ।

(ङ) "बहुवर्षीय आयोजना" भन्नाले एक आर्थिक वर्षभन्दा बढी चार आर्थिक वर्षसम्मको अवधि भएका आयोजना सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(छ) "मन्त्रालय वा निकाय" भन्नाले बहुवर्षीय आयोजनाको व्यवस्थापन गर्ने बागमती प्रदेश सरकारको विषयगत मन्त्रालय वा निकाय सम्झनु पर्छ।

(ज) "लेखा उत्तरदायी अधिकृत" भन्नाले मन्त्रालय वा निकायमा प्रशासकीय प्रमुखको रुपमा कार्यरत प्रदेश सचिव सम्झनु पर्छ।

(झ) "स्रोत सहमति" भन्नाले आयोजनाको औचित्य, त्रिवर्षीय बजेट, स्रोत उपलब्धता, खर्चको आवश्यकता र मध्यमकालीन खर्च संरचना समेतको आधारमा बहुवर्षीय आयोजना

कार्यान्वयन गर्न मन्त्रालयले उपलब्ध गराएको स्रोत सहमति सम्झनु पर्छ।

३. **<u>प्रस्ताव पेस गर्नु पर्ने:</u>** (१) बहुवर्षीय आयोजनाको स्रोत सहमतिको लागि मन्त्रालय वा निकायले आवश्यकता, औचित्य र विनियोजित बजेट तथा स्रोत अनुमान समेतका आधारमा देहायका कागजात तथा विवरण संलग्न गरी कार्तिक पन्ध्र गतेभित्र आयोगमा प्रस्ताव पेस गर्नु पर्नेछः-

(क) आयोजनाको बहुवर्षीय खरिदको स्रोत सहमति सम्बन्धमा लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित भएको अनुसूची-१ बमोजिमको फाराम,

(ख) बहुवर्षीय आयोजनाको स्रोत सहमति माग गर्दा आवश्यक आधार पूरा गरेको लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित भएको अनुसूची-२ बमोजिमको चेकलिष्ट,

(ग) विद्यमान मध्यमकालीन खर्च संरचनामा उल्लेख भएको सम्बन्धित बजेट उपशीर्षक अन्तर्गत प्रस्तावित आयोजनाको बजेट सहितको विवरण समावेश भएको भनी सम्बन्धित मन्त्रालय वा निकायको लेखा उत्तरदायी

अधिकृतबाट प्रमाणित भएको अनुसूची-३ बमोजिमको विवरण,

(घ) आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट भई आयोगबाट स्वीकृत भएको विवरण,

(ङ) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पी.एल.एम.बी.आई.एस.) मा प्रविष्ट भएको विवरण,

(च) डिजाइन र निर्माण खरिद सम्झौता (डिजाइन एण्ड बिल्ड मोड अफ कन्ट्र्याक्ट) बाहेक अन्य खरिदको हकमा स्वीकृत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन,

(छ) मन्त्रालय वा निकायबाट स्वीकृत विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ्ग प्रतिवेदन,

(ज) मन्त्रालय वा निकायबाट स्वीकृत खरिद गुरुयोजना वा वार्षिक खरिद योजना, कार्यान्वयन कार्ययोजना र अनुगमन तथा मूल्याङ्कन योजना।

(२) उपदफा (१) बमोजिम मन्त्रालय वा निकायले बहुवर्षीय आयोजनाको प्रस्ताव पेस गर्दा प्रदेश आयोजना बैङ्क र मध्यमकालीन खर्च संरचनामा समावेश भएको देहाय बमोजिमको कुल लागत अनुमान भएका आयोजना पेस गर्नु पर्नेछः-

| | आयोजनाको प्रकार | कुल लागत अनुमान |
|---|---|---|
| क. | खानेपानी, सिँचाइ, पर्यटन र वन तथा वातावरण संरक्षण सम्बन्धी पूर्वाधारका आयोजना | सात करोड रुपैयाँ वा सो भन्दा बढी |
| ख. | सरकारी भवन निर्माण र वस्तु तथा सेवा खरिद सम्बन्धी आयोजना | दश करोड रुपैयाँ वा सो भन्दा बढी |
| ग. | सडक, पुल तथा अन्य पूर्वाधार | बाह्र करोड रुपैयाँ भन्दा बढी |

(३) मन्त्रालय वा निकायले स्रोत सहमति प्रस्ताव गर्दा उपदफा (२) बमोजिम आयोजनाको कुल अनुमानित लागतको न्यूनतम एक चौथाइ रकम विनियोजन गरेको हुनु पर्नेछ। आयोगले बहुवर्षीय आयोजनाको स्रोत सहमति सिफारिस गर्दा आयोजनाको सुरु विनियोजन रकमको चार गुणा भन्दा बढी नहुने गरी सिफारिस गर्नु पर्नेछ।

तर प्रदेश गौरवका आयोजना, मोटरेवल पुल, झोलुङ्गे पुल, विपद् वा महामारी व्यवस्थापन तथा विपद् पछिको पुनःनिर्माण सम्बन्धी कार्यमा यस उपदफा बमोजिमको सीमा लागू हुने छैन।

४. **<u>स्रोत सहमति सम्बन्धी व्यवस्थाः</u>** (१) दफा ३ बमोजिम प्राप्त प्रस्तावको मूल्याङ्कन गरी आयोगले बहुवर्षीय आयोजनाको स्रोत सहमति प्रदान गर्न उपयुक्त देखेमा कार्तिक मसान्तभित्र स्रोत सहमतिका लागि मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त आयोजनाको मध्यमकालीन खर्च संरचना, मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट त्रिवर्षीय बजेट प्रक्षेपण, चालू आर्थिक वर्षको बजेट र स्रोतको अवस्था समेतको आधारमा मन्त्रालयले मंसिर पन्ध्र गतेभित्र स्रोत सहमति सम्बन्धी निर्णय गरी सोको जानकारी सम्बन्धित मन्त्रालय वा निकाय र आयोगलाई दिनु पर्नेछ।

(३) नयाँ आयोजनामा स्रोत सहमति माग गर्दा विगत आर्थिक वर्षमा स्रोत सहमति प्राप्त भइसकेका आयोजनाको लागि आवश्यक हुने बजेट छुट्याई बाँकी रहन सक्ने बजेटका आधारमा उच्च प्राथमिकतामा रहेको आयोजनामा स्रोत सहमति माग गर्नु पर्नेछ।

(४) यस दफाको अधिनमा रही प्रदान गरिएको स्रोत सहमतिको अवधि बढीमा चार आर्थिक वर्षको हुनेछ।

(५) मन्त्रालयबाट आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि स्रोत सहमति प्राप्त भएका आयोजनामा पुस पन्ध्र गतेभित्र प्रचलित कानून बमोजिम बोलपत्र आह्वान नगरिएमा वा मन्त्रालयको निर्णय बमोजिम यस्तो अवधि थप नभएमा त्यस्तो स्रोत सहमति स्वतः निष्क्रिय हुनेछ।

(६) उपदफा (५) बमोजिम स्रोत सहमति निष्क्रिय भए पछि खरिद प्रक्रिया अघि बढाएमा स्रोत सहमति प्राप्त गर्ने मन्त्रालय वा निकायको लेखा उत्तरदायी अधिकृत जिम्मेवार हुनेछ।

(७) यस मापदण्ड बमोजिम स्रोत सहमति प्राप्त आयोजनाको खरिद सम्झौतामा उल्लिखित अवधि भित्र सम्पन्न नभएमा वा प्रचलित कानून बमोजिम म्याद थप नभएमा त्यस्ता आयोजनाका लागि प्रदान गरिएको स्रोत सहमति स्वतः निष्क्रिय हुनेछ।

५. **स्रोत सहमति प्रदान गर्न बाधा नपर्ने:** (१) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय वा निकायले दफा ३ मा उल्लिखित सीमाभन्दा कम लागत अनुमान भएका पुँजीगत प्रकृतिका आयोजना वा नागरिक सरोकार तथा सेवा प्रवाहको दृष्टिकोणले अति आवश्यक वा संवेदनशील सालबसाली वा चालु प्रकृतिका आयोजना वा कार्यक्रमका लागि विनियोजित बजेटभन्दा बढी अङ्कको ठेक्का प्रक्रिया अगाडी बढाउनु पर्ने भएमा दफा ३ बमोजिमका कागजात तथा विवरण आवश्यक नपर्ने भनी लेखा उत्तरदायी अधिकृतले कुल लागत र वार्षिक मागको पुर्वानुमान सहितको विवरण यकिन गरी कार्तिक मसान्तभित्र मन्त्रालयमा सिफारिस गरेमा स्रोत सहमति दिन बाधा पर्ने छैन।

तर यसरी प्रस्ताव गरिने आयोजना वा कार्यक्रमको कार्यान्वयन अवधि दुई आर्थिक वर्ष भन्दा बढी हुने छैन।

(२) उपदफा (१) बमोजिम सिफारिस भई आएमा प्रस्ताव पेस गर्ने मन्त्रालय वा निकायको विनियोजित बजेट र प्रदेश सरकारको वित्तीय अवस्था समेतको आधारमा मन्त्रालयले विनियोजित बजेटभन्दा बढी अङ्कको ठेक्का प्रक्रिया अगाडी बढाउन मंसिर पन्ध्र गते भित्र स्रोत सहमति सम्बन्धी निर्णय गरी सो को जानकारी मन्त्रालय वा निकायलाई दिनु पर्नेछ।

६. **कार्यान्वयन गर्ने जिम्मेवारी:** (१) दफा ४ र दफा ५ बमोजिम स्रोत सहमति प्राप्त भएका आयोजनाको कार्यान्वयन गर्ने जिम्मेवारी मन्त्रालय वा निकायको हुनेछ।

(२) उपदफा (१) बमोजिमका आयोजनाको आगामी आर्थिक वर्षको लागि सिर्जना हुने दायित्व सोही आर्थिक वर्षमा सम्बन्धित मन्त्रालय वा निकायले मध्यमकालीन खर्च संरचनामा समावेश गरी आफूलाई प्राप्त बजेट सीमाको अधीनमा रही इयरमार्क गरी व्यवस्थापन गर्नु पर्नेछ।

(३) यस मापदण्ड बमोजिम स्रोत सहमति प्राप्त आयोजनाको विवरण मन्त्रालय वा निकायले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ।

(४) यस मापदण्ड बमोजिम स्रोत सहमति प्रदान गरिएका वहुवर्षीय आयोजनाको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, आयोग र सम्बन्धित मन्त्रालय वा निकायले गर्नेछ।

७. **स्रोत सहमति स्थगन वा खारेज गर्न सकिने:** प्रदेश सरकारलाई प्राप्त हुने राजस्व बाँडफाँड बापतको रकम, वित्तीय समानीकरण अनुदान र आन्तरिक राजस्व प्राप्ति लक्ष्य भन्दा कम भई स्रोत व्यवस्थापनमा समस्या भएमा मन्त्रालयले ठेक्का सम्झौता वा खरिद सम्झौता भइसकेका आयोजना बाहेक अन्य आयोजना कार्यान्वयनका लागि स्वीकृत गरिएको स्रोत सहमति जुनसुकै बखत स्थगन वा खारेज गर्न सक्नेछ।

८. **स्पष्ट गर्न सक्ने:** यस मापदण्डमा उल्लेख गरिएको विषयमा कुनै द्विविधा भएमा मन्त्रालयले आवश्यक व्याख्या गरी स्पष्ट गर्न सक्नेछ।

९. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने:** यस मापदण्डको अनुसूचीमा कुनै हेरफेर वा थपघट गर्नु पर्ने भएमा मन्त्रालयले हेरफेर वा थपघट गर्न सक्नेछ।

१०. **खारेजी र बचाउः** (१) प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८२ खारेज गरिएको छ।

(२) प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८२ बमोजिम भए गरेका कामकारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची- १

(दफा ३ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

बागमती प्रदेश सरकार

...................... मन्त्रालय

**<u>बहुवर्षीय आयोजनाको स्रोत सहमति माग प्रस्ताव फाराम</u>**

### खण्ड (क) आयोजनाको आधारभूत विवरणः

१. आयोजनाको नामः

नेपालीमाः अङ्ग्रेजीमाः

२. आयोजनाको लक्ष्यः

३. आयोजनाको उद्देश्यः

४. आयोजनाको प्रतिफलः

५. आयोजनाको किसिमः

सेवा प्रधानः अनुसन्धान प्रधानः

उत्पादन प्रधानः निर्माण प्रधानः सुशासन प्रधानः

६. आयोजना कार्यान्वयन हुने क्षेत्र र छनोट गर्दा अपनाइएका आधारः

(क) कार्यान्वयन हुने क्षेत्रः जिल्लाः

निर्वाचन क्षेत्रः प्रदेशः न.पा./गा.पा.

(ख) छनोटका आधारहरुः

७. आयोजनाको कुल लागतः

८. आयोजनाको अवधि(प्रस्तावित जम्मा वर्ष):

(क) सुरु हुने मितिः (ख) सम्पन्न हुने मितिः

९. आयोजना कार्यान्वयन गर्ने निकायः

## खण्ड (ख) आयोजनाको वित्तीय विवरण

१०. आयोजनाको कुल लागत र सो को स्रोत विवरण (रु. हजारमा)

| स्रोतको विवरण | भुक्तानी प्रकार | स्रोत | |
|---|---|---|---|
| | | प्रदेश सरकार | सङ्घीय सरकार |
| प्रदेश स्रोत | | | |
| समानीकरण अनुदान | | | |
| आन्तरिक ऋण | | | |
| कुल जम्मा | | | |

११. आयोजनाको कुल रकमको अनुमानित वार्षिक बाँडफाँट (रु. हजारमा)

| आर्थिक वर्ष | बाँडफाँट |
|---|---|
| | |
| | |
| | |
| | |

१२. अन्य निकायबाट स्वीकृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ डिजाइनको संक्षिप्त विवरणः

१३. आयोजनाको सम्भाव्यता अध्ययनः

(क) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको छ, छैन? नभएको भए हुनु नपर्ने कारणः

(ख) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययन भएको वर्षः

(ग) आर्थिक र प्राविधिक सम्भाव्यता अध्ययनको निष्कर्षः

१४. वातावरणीय अध्ययनको संक्षिप्त विवरण (नभएको भए कारण उल्लेख गर्ने):

१५. आयोजना कार्यान्वयनबाट हुने लाभ र लाभको प्रकृतिः

(क) लाभान्वित हुने अनुमानित जनसंख्याः

| महिला | बालबालिका | आदिवासी जनजाति | दलित | मधेशी | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(ख) रोजगारी सिर्जना संख्या(अनुमानित) (श्रम दिन):

**खण्ड (ग) प्रशासनिक तथा व्यवस्थापकीय विवरण**

१६. आयोजना कार्यान्वयनमा आवश्यक पर्ने जनशक्ति व्यवस्थाः

(क) भइरहेको जनशक्तिबाट हुनेः

(ख) आवश्यक थप जनशक्तिको विवरणः

१७. आयोजनाको लागि जग्गा प्राप्तिको अवस्थाः

(क) आवश्यक जग्गाः

(ख) जग्गा प्राप्त भएको/नभएकोः

१८. आयोजनाको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थाः

(क) अनुगमन तथा मूल्याङ्कनको लागि छुट्याइएको रकमः

(ख) आयोजनाको प्रतिफल र प्रभाव हेर्ने सूचक विवरणः

**खण्ड (घ) आयोजनाको अवधि थप गर्नुपर्ने भएमाः**

१९. आयोजनाको अवधि थप गर्नु पर्नाको कारणः

(क)

(ख)

२०. मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework- MTEF) अनुरुप आयोजनाको प्राथमिकताक्रमः

(क) पहिलो प्राथमिकता

(ख) दोस्रो प्राथमिकता

२१. आयोजनाको दिगोपना र सम्पन्न भएपछि सञ्चालन (Phase-out Plan) सम्बन्धी व्यवस्थाः

..............................

प्रमाणित गर्ने

प्रदेश सचिव

....... मन्त्रालय

## अनुसूची- २

(दफा ३ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

बागमती प्रदेश सरकार

.…………………. मन्त्रलाय

## स्रोत सहमति माग गर्दा आवश्यक पर्ने चेकलिष्ट

| क सं | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | प्रदेश सरकारले प्रदेश गौरवको आयोजनाको रुपमा स्वीकृत गरेका आयोजना, | | | |
| २ | प्राथमिकता निर्धारण सम्बन्धमा प्रदेशको "वार्षिक आयोजना छनौट कार्यविधि, २०७८" बमोजिम आयोजनाको प्राथमिकिकरणमा P1 मा परेको, | | | |
| ३ | दफा ३ को उपदफा (२) बमोजिमको लागत अनुमानको परिधिभित्र रहेको, | | | |
| ४ | स्रोत सहमति प्रस्ताव गर्दा आयोजनाको कुल अनुमानित लागतको न्यूनतम एक चौथाइ रकम विनियोजन भएको, | | | |
| ५ | बहुवर्षीय खरिदमा जाने आयोजनाको खरिदको समय एक आर्थिक वर्षभन्दा बढी चार आर्थिक वर्षसम्म भएको, | | | |
| ६ | सम्बन्धित मन्त्रालय वा निकायबाट विस्तृत आयोजना प्रतिवेदन वा विस्तृत इन्जिनियरिङ डिजाइन स्वीकृत भई प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा सम्पुर्ण विवरणहरु प्रविष्ट गरी स्वीकृत भएको, | | | |
| ७ | डिजाइन र निर्माण खरिद सम्झौता (डिजाइन एण्ड बिल्ड मोड अफ कन्ट्रायाक्ट) बाहेक अन्य आयोजनाको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन सम्पन्न भएको, | | | |
| ८ | वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण वा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन | | | |

| | | | | |
|---|---|---|---|---|
| | आवश्यक नपर्ने भएमा सो विषय अनुसूची -१ मा उल्लेख गरिएको, | | | |
| ९ | आयोजनाको लागि जग्गा प्राप्तिको सुनिश्चितता भएको, | | | |
| १० | मध्यमकालीन खर्च संरचनामा उल्लेख भएको, | | | |
| ११ | खरिद गुरुयोजना वा वार्षिक खरिद योजना, कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मूल्याङ्कन योजना तयार भएको, | | | |
| १२ | प्रदेश सरकारसँगको सहलगानीमा सञ्चालन हुने आयोजना भए साझेदारीको प्रकृति र लाभ लागत अनुपात उपयुक्त भएको र सहलगानीको प्रतिबद्धता प्राप्त भएको, | | | |

| तयार गर्नेः | पेस गर्नेः | स्वीकृत गर्नेः<br>(लेखा उत्तरदायी अधिकृत) |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नाम, थरः | नाम,थरः | नाम, थरः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |

# अनुसूची- ३

(दफा ३ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित)

बागमती प्रदेश सरकार

........................ मन्त्रालय

**लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गर्नु पर्ने विवरण**

कार्यक्रम आयोजनाको नामः

बजेट उपशीर्षक नम्बर (ब.उ.शी.नं.):

१. ब.उ.शी.नं.मा उल्लिखित कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण एवम् प्राथमिकीकरण तथा सांकेतीकरण

| बागमती प्रदेश दोस्रो आवधिक योजनाको विषय क्षेत्र | उद्देश्य | आयोजनाको अवधि (सुरु र समाप्ति साल) | लागत अनुमान (रु. हजारमा) | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको उपलब्धी सूचक | आगामी आर्थिक वर्षमा सञ्चालन हुने प्रमुख क्रियकलाप | समन्वयात्मक अतिरिक्त लाभ | योजनाको रणनीतिक स्तम्भ | प्राथमिकता क्रम | दिगो विकास संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |

२. त्रिवर्षीय खर्चको अनुमान तथा प्रक्षेपणः

| उप-आयोजना/उप-कार्यक्रम/खण्ड/उपखण्ड | आ.व. २०८३/८४ को विनियोजन (रु. हजारमा) | | | | आ.व. २०८४/८५ को खर्च प्रक्षेपण (रु हजारमा) | | | | आ.व. २०८५/८६ को खर्च प्रक्षेपण (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था |
| ............ | | | | | | | | | | | | |
| ............ | | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ............ | | | | | | | | | | | | |
| **कुल जम्मा** | | | | | | | | | | | | |

## ३. त्रिवर्षीय स्रोतको अनुमान तथा प्रक्षेपणः

| उप-आयोजना/उप-कार्यक्रम/खण्ड/उपखण्ड | आ.व. २०८३/८४ को स्रोत अनुमान (रु हजारमा) | | | | आ.व. २०८४/८५ को स्रोत प्रक्षेपण (रु हजारमा) | | | | आ.व. २०८५/८६ को स्रोत प्रक्षेपण (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | प्रदेश स्रोत | समानीकरण अनुदान | ऋण | कुल | प्रदेश स्रोत | समानीकरण अनुदान | ऋण | कुल | प्रदेश स्रोत | समानीकरण अनुदान | ऋण |
| ............ | | | | | | | | | | | | |
| ............ | | | | | | | | | | | | |
| ............ | | | | | | | | | | | | |
| **कुल जम्मा** | | | | | | | | | | | | |

<u>तयार गर्नेः</u>

दस्तखतः

नाम थरः

पदः

<u>पेस गर्नेः</u>

दस्तखतः

नाम थरः

पदः

<u>स्वीकृत गर्नेः</u>

(लेखा उत्तरदायी अधिकृत)

दस्तखतः

नाम थरः

पदः

**आज्ञाले,**

**नारायण प्रसाद मैनाली**

**प्रदेश सचिव**



आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।

मूल्य रू.१०।-